# अष्ट्रेलियामा अध्यागमन सहायता प्रदान गर्दा

## अध्यागमन सहायता भनेको के हो?

कुनै व्यक्तिले भिसा आवेदनहरू वा अन्य भिसा मामिलाहरूमा सहयोगको लागि माइग्रेसन प्रक्रियाको ज्ञान, वा अनुभवको प्रयोग गर्दछ भने यसलाई अध्यागमन सहायता मानिन्छ। यो निम्न तरिकाले उपलब्ध हुन सक्छ:

- भिसा आवेदन वा अन्य कागजात तयार गर्ने वा तयार गर्न मद्दत गर्ने
- भिसा आवेदन वा भिसाको मामलाका बारेमा सल्लाह दिने
- अदालतको कार्यवाहीमा अदालत वा भिसा मामलाको सम्बन्धमा समीक्षा निकायका सामुन्ने प्रतिनिधित्व गर्ने वा यसको लागि तयारी गर्ने।

### अध्यागमन सहायतामा निम्न कुराहरू समावेश गर्दैन:

- आवेदन वा अन्य कागजातहरू तयार पार्न (वा तयार गर्न मद्दत गर्न) प्रशासनिक काम गर्न, जस्तै स्क्यान गर्ने वा कागजात पठाउने
- अनुवाद वा दोभाषे सेवा उपलब्ध गर्न
- अर्को व्यक्तिलाई उनीहरूले भिसाका लागि आवेदन दिनुपर्ने सुझाव दिन
- तेस्रो पक्षले तयार गरेको सूचनालाई त्यसमा महत्त्वपूर्ण टिप्पणी वा सो सूचनाको व्याख्या नदिइकन हस्तान्तरण गर्न।

## अष्ट्रेलियामा कसले अध्यागमन सहायता प्रदान गर्न सक्छ?

पञ्जिकृत माइग्रेसन एजेन्ट (registered migration agents), अष्ट्रेलियाजा कानूनी व्यवसायी वा कुनै अपवाद व्यक्तिले मात्र अष्ट्रेलियामा कानूनगत अध्यागमन सहायता प्रदान गर्न सक्छन्।

### पञ्जिकृत माइग्रेसन एजेन्टहरू

पञ्जिकृत अर्थात् दर्तावाल माइग्रेसन एजेन्टहरूले माइग्रेसन एजेन्ट दर्ता प्राधिकरण (Office of the Migration Agents Registration Authority) (OMARA) को वेबसाइट www.mara.gov.au मा उपलब्ध माइग्रेसन एजेन्टहरूको रजिष्टरमा (Register of Migration Agents) सूचीबद्ध हुन निश्चित ज्ञान र चरित्रको आवश्यकताहरू पूरा गर्न आवश्यक छ।

### कानून व्यवसायीहरू

कानून व्यवसायी एक वकिल हो जसको अष्ट्रेलियाको कानूनी अभ्यास गर्ने प्रमाणपत्र हुन्छ। कानून व्यवसायीहरूले कानूनी अभ्यासको सम्बन्धमा अध्यागमन सहायता प्रदान गर्न सक्छन्।

### अपवाद (एक्जेम्प्ट) व्यक्तिहरू

कुनै व्यक्तिले कानूनी रूपमा अध्यागमन सहायता दिन सक्छन् यदि उनीहरूले सहयोगको लागि शुल्क लिदैनन् र निम्न विधामा पर्छन भने:

- एक मनोनयनकर्ता, प्रायोजक वा भिसा आवेदकको परिवारको नजिकको सदस्य हुन्
- एक सांसद, एक कूटनीतिक मिसनको एक सदस्य, कन्सुलर पद वा अन्तर्राष्ट्रिय संगठन हो
- *सार्वजनिक सेवा ऐन १९९९ (Public Service Act 1999 )* अन्तर्गत संलग्न एक व्यक्ति वा उनीहरुको कामको हिस्साको रूपमा अध्यागमन सहायता प्रदान गरिरहेका एक राज्य वा क्षेत्रको सार्वजनिक सेवाको सदस्य हो
- मन्त्रीसमक्ष प्रस्तुत गर्ने दस्तावेज तयार पार्न निःशुल्क मद्दत प्रदान गर्ने एक व्यक्ति हो।

## थप जानकारी

अष्ट्रेलियामा कसले अध्यागमन सहायता दिन सक्छ भन्ने बारे थप जानकारीको लागि तथा अध्यागमन सहायता प्रदायकको

बारेमा कसरी उजुरी गर्ने लगायतका जानकारी पाउन कृपया गृह मामला विभाग (Department of Home Affairs) को वेबसाइटको यो पृष्ठमा  'तपाईंको आवेदनको लागि कसले मद्दत गर्न सक्दछ?' ('Who can help you with your application?) हेर्नुहोस्।

## शैक्षिक एजेन्टहरू

शैक्षिक एजेन्टहरू यदि उनीहरू एक पञ्जीकृत माइग्रेसन एजेन्ट वा कानून व्यवसायी होइन भने उनीहरू अपवाद व्यक्तिको रूपमा मानिदैन र उनीहरूले कानूनी रूपमा अष्ट्रेलियामा अध्यागमन सहायता प्रदान गर्न सक्दैन।

## गैरकानूनी अध्यागमन सहायता दिनेका लागि सजायहरू

अष्ट्रेलियामा कनै व्यक्ति पञ्जीकृत माइग्रेसन एजेन्ट, कानून व्यवसायी वा अपवाद व्यक्ति होइन भने उनीहरूले अध्यागमन सहयोग दिनु अपराध हो।

गैरकानूनी अध्यागमन सहायता प्रदान गर्नेका लागि १० वर्षसम्मको जेल सजाय हुन सक्दछ।

## गैरकानूनी अध्यागमन सहायताको रिपोर्ट गर्दा

अष्ट्रेलियामा गैरकानूनी अध्यागमन सहायता दिने कुनै पनि व्यक्तिलाई सीमा निगरानी अनलाइन रिपोर्ट (Border Watch Online Report) प्रयोग गरेर रिपोर्ट गर्नु पर्दछ। यो गृह मामिला विभाग (Department of Home Affairs) को वेबसाइटमा छ।